# स्वास्थ्यमन्त्रालयको विज्ञप्ति
## चक्षुदान यज्ञ समारोह

स्वास्थ्यविभागको तत्वावधानमा यही फाल्गुन २१ गतेदेखि पोखरामा एक हप्ताको लागि चक्षुदान यज्ञको कार्यक्रम खुल्ने भएको छ । यस यज्ञमा विभिन्न ठाउँका आँखाका रोगीहरू जम्मा भई आफ्नो आँखाको यथोचित इलाज गराई नेत्र-पीडादेखि मुक्त गराउने प्रयत्न गरिएको छ ।

यो कार्य चक्षु चिकित्साका प्रसिद्ध डाक्टर सूदबाट गराउने प्रबन्ध भएको छ । वहाँले अघि पनि वीरगञ्ज, नेपालगञ्ज, जनकपूर, काठमाडौं इत्यादि ठाउँहरूमा घुमेर अनेकौं नेत्ररोगीहरूको सेवा गर्नुभएको छ ।

यस यज्ञबाट धेरै नेत्ररोगीहरूले लाभ उठाउने छन् भन्ने विश्वास गरिएको छ । पश्चिमतिरका आँखाको रोगीहरूले यस बन्दोबस्तबाट फाइदा उठाउनुहोला भन्ने अपील गरिन्छ ।

स्वास्थ्यमन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२१६